मिति २०८१/०२/०३ गते नगर प्रमुखज्यूबाट मिति २०८१/०२/०४ गते नगर कार्यपालिकाको आ.व.२०८०/०८१ को १५ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं, नेपाल बागमती प्रदेश, २०७३

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | गणतन्त्र दिवस मनाउने सम्बन्धमा । | • नेपाल सरकार, गृह मन्त्रालय (मूल समारोह समितिको सचिवालय), सिंहदरवार, काठमाडौंको च.नं. ८०३, मिति २०८१/०२/०२ को पत्र अनुसार गणतन्त्र दिवस, २०८१ जेष्ठ १४, १५ र १६ गते देहाय बमोजिम गरि मनाउने ।<br>(क) २०८१ जेष्ठ १४ गते सबै विद्यालय, सहकारी लगायतका सामाजिक संघ संस्थाहरुलाई सरसफाई, विद्यालयमा अतिरिक्त क्रियाकलाप, वृक्षारोपण लगायतका क्रियाकलापहरु गरी गणतन्त्र दिवस मनाउन अनुरोध गर्ने ।<br>(ख) सबै वडा कार्यालय र नगरपालिकामा जेष्ठ १५ गते दीप प्रज्वलन गर्ने तथा राष्ट्रिय झण्डा फेर्ने ।<br>(ग) गणतन्त्र दिवस मूल समारोह समितिको टुँडिखेलमा हुने कार्यक्रममा यस नगरपालिकाबाट २५-४० जना समूहको विविध सांस्कृतिक गतिविधि झल्कने झाँकी लैजाने र सो सम्बन्धी लागत नगरपालिकाले व्यहोर्ने । |
| २. | गौतम बुद्ध जयन्तीको लागि रकम विनियोजन सम्बन्धमा । | • मिति २०८१/०२/१० गते पर्न गएको गौतम बुद्ध जयन्ती मनाउन बुद्ध जयन्ती मूल समारोह समितिलाई नगर प्रमुखको सचिवालयबाट रु.६०,०००।- (साठी हजार) विनियोजन गर्ने । |
| ३. | भवन निर्माण सम्बन्धमा । | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुँदैन भन्ने कानूनी व्यवस्था भएको हुँदा नक्सा पास नगरी घर निर्माण नगर्न सार्वजनिक सूचना प्रकाशन गर्ने र नक्सा पास नगरी घर निर्माण भएको भए नगर प्रहरी परिचालन गरि रोक्का गर्ने । |

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत